# दशरथचन्द नगरपालिकाको आर्थिक ऐन

# २०८०

दशरथचन्द नगरपालिका आर्थिक ऐन

**मिति : २०८० आसार १० गते आइतवार**

## दशरथचन्द नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०

प्रस्तावनाः दशरथचन्द नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दशरथचन्द नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम दशरथचन्द नगरपालिका आर्थिक ऐन, २०८० रहेको छ ।

(२) यो ऐन दशरथचन्द नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. सम्पति करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. घर वहाल करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. सवारी साधन करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

दशरथचन्द नगरपालिका आर्थिक ऐन

७. विज्ञापन करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरन्जन करः दशरथचन्द नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्कः दशरथचन्द नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. पार्किङ शुल्कः दशरथचन्द नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग शुल्कः दशरथचन्द नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर : दशरथचन्द नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटन शुल्कः दशरथचन्द नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. जरिवाना : दशरथचन्द नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई नगरकार्यपालिकाले व्यवस्था गरे बमोजिमको जरिवाना गरिनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

दशरथचन्द नगरपालिका आर्थिक ऐन

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि दशरथचन्द नगरकार्यपालिकाले तोके अनुसार हुने छ ।

१७. यसै ऐन बमोजिम भएको मानिने : यो ऐन जारी हुन अघि भए गरेका ब्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. नियम वा कार्यविधि बनाउन सक्नेः दशरथचन्द नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका ब्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१९. साबिक बमोजिम हुने : यस ऐनमा उल्लिखित ब्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

दशरथचन्द नगरपालिका आर्थिक ऐन

अनुसूची (१)
दफा (२) संग सम्बन्धीत
एकिकृत सम्पत्तिकरको दर

| क्र.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | रु.१ लाख देखि २ लाख सम्म | २५ |
| २ | रु.२लाख - देखि ५ लाख सम्म | ५० |
| ३ | रु.५ लाख देखि ७ लाख सम्म | १०० |
| ४ | रु.७ लाख देखि १० लाख सम्म | १५० |
| ५ | रु.१० लाख देखि १५ लाख सम्म | २५० |
| ६ | रु.१५ लाख देखि २० लाख सम्म | ३०० |
| ७ | रु.२० लाख देखि ३० लाख सम्म | ५०० |
| ८ | रु.३० लाख देखि ५० लाख सम्म | १२०० |
| ९ | रु.५० लाख देखि ७५ लाख सम्म | २५०० |
| १० | रु.७५ लाख देखि १ करोड सम्म | ३५०० |
| ११ | रु.१ करोड देखि २ करोड सम्म | १२००० |
| १२ | रु.२ करोड देखि ५ करोड सम्म | २५००० |
| १३ | रु.५ करोड भन्दा माथि प्रतिहजार २ कादरले | रु २ का दरले |

एकीकृत सम्पत्तीकर सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

नगरपालिका आर्थिक ऐन

## अनुसूची (२)
## दफा (३) संग सम्बन्धीत
## घर बहालकर

यस दशरथचन्द  नगरपालिका क्षेत्र भित्र कुनै ब्यत्ति वा सस्थाले भवन,घर,ग्यारेज गोदाम आंशिक तवरले बहालमा दिएमा ब्यक्ति वा संस्था बाट मासिक भाडाको १० प्रतिशत रकम असुल उपर गरिने छ ।

## अनुसूची (३)
## दफा (४) संग सम्बन्धीत
## ब्यवसाय कर

| क्र.सं. | ब्यवसायको विवरण | ब्यवसाय दर्ता | नविकरण |
|---|---|---|---|
| १ | मदिरा ब्यवसाय दर्ता | ८००० | ६००० |
| २ | खुद्र किराना पशल<br>क) १ लाख देखि १० लाख सम्म पुजी भएका | १५०० | १५०० |
| ३ | ख)१० लाख देखि माथि पुजी | २००० | २००० |
| ४ | चिया पशल | १२०० | १२०० |
| ५ | चिया मिष्ठान | २००० | २००० |
| ६ | होटल रेष्टुरेन्ट | २५०० | २५०० |
| ७ | होटल लज ६ वेड सम्मको | २००० | २००० |
| ८ | होटल लज ६ वेड भन्दा माथि | ३००० | २००० |
| ९ | सुद्ध खाना होटल | १००० | १००० |
| १० | स्वदेशी तथा विदेशी कपडा पशल | ३००० | २००० |
| ११ | अपसेट प्रेस | २५०० | २५०० |

दशरथचन्द नगरपालिका आर्थिक ऐन

| | | | |
|---|---|---|---|
| १२ | आटा चक्की | २५०० | २५०० |
| १३ | वर्कशव | २५०० | २५०० |
| १४ | हार्डवेयर | ३००० | ३००० |
| १५ | विभिन्न समान सप्लायर्स | ३००० | ३००० |
| १६ | औषधी पसल | २००० | २००० |
| १७ | तरकारी फुल पसल | १००० | १००० |
| १८ | कपाल काटने | १५०० | १५०० |
| १९ | कानून व्यवसाय | २००० | २००० |
| २० | कम्प्युटर फोटोकपी | २००० | २००० |
| २१ | इलेक्ट्रीक,इलोक्ट्रोनिक्स | २००० | २००० |
| २२ | फोटो स्टुडियो | १५०० | १५०० |
| २३ | स्टेशनरी पसल | २००० | २००० |
| २४ | सुनचादी पसल | ३००० | ३००० |
| २५ | छाला जुत्ता बनाउने | ७०० | ७०० |
| २६ | लेखा परिक्षक | १५०० | १५०० |
| २७ | फर्निचर उद्योग | २५०० | २५०० |
| २८ | पोल्ट्री फर्म | २५०० | २५०० |
| २९ | कुखुरा कटिङ सेन्टर | २५०० | २५०० |
| ३० | कुरियर सेवा | ५०० | ५०० |
| ३१ | विमा कम्पनी | ५००० | ५००० |

| | | | |
|---|---|---|---|
| ३२ | पेन्टर | १००० | १००० |
| ३३ | मासु पसल | २५०० | २५०० |
| ३४ | कस्मेटिक | २००० | २००० |
| ३५ | हल भाडा | २००० | २००० |
| ३६ | हलभाडा प्रोजेक्टर सहित | २५०० | २५०० |
| ३७ | भाडा वर्तन पसल | २००० | २००० |
| ३८ | बन्दुक नविकरण | ५०० | ५०० |
| ३९ | कपडा सिलाई सेन्टर | २००० | २००० |
| ४० | संस्था सुचिकृत | ५०० | ५०० |
| ४१ | मोवाईल ग्यालरी | २००० | २००० |
| ४२ | कम्प्युटर इन्सटुयुट | ३००० | ३००० |
| ४३ | वित्तीय संस्था | ५००० | ५००० |
| ४४ | रुई उद्योग | ३००० | ३००० |
| ४५ | विविध व्यवसाय दर्ता | २००० | २००० |
| ४६ | घ वर्गको इजाजत पत्र नविकरण | असोज मसान्त सम्म रु. ३५०० असोजपछि जरिवानासहित रु ५००० | |
| ४७ | घ वर्गको इजाजत पत्र सिफारिस | १०,००० | |
| ४८ | घ वर्गको इजाजत पत्र नामसारी | १०,००० | |
| ४९ | घ वर्गको इजाजतपत्र प्रतिलिपी | ८०० | |
| ५० | बाख्रा पालन फर्म | १५०० | १५०० |

दशरथचन्द नगरपालिका आर्थिक ऐन

| | | | |
|---|---|---|---|
| ५१ | प्राइभेट क्लिनिक | ५००० | ५००० |
| ५२ | कृषि फर्म | १५०० | १५०० |
| ५३ | कृषि पशुपन्छी | २५०० | २५०० |
| ५४ | श्रृगार एण्ड फेन्सी स्टोर | २५०० | २५०० |
| ५५ | मौरीपालन उद्योग | २५०० | २५०० |

**अनुसूची (४)**
**दफा (५) संग सम्बन्धीत**
**जडीवुटी, कवाडी, जीवजन्तु कर**

**जीवजन्तु** (पशुचौपाय निकाशी)

| क.स. | विवरण | दर | ०८०।०८१प्रस्तावित दर |
|---|---|---|---|
| क | भैसी | २०० प्रति गोटा | २०० प्रति गोटा |
| ख | गाई,गोरु | १०० प्रति गोटा | १०० प्रति गोटा |
| ग | बाख्रा | ५० प्रति गोटा | ५० प्रति गोटा |

**कुडाकवाड सम्वन्धमा**

यस न.पा.क्षेत्र बाट निकाशी हुने कुडाकवाड लाई न्युनतम कबोल अंक रु २००००।-कायम गरिएको र भाडामा नलागेमा प्रति कुण्डल रु ५० का दरले राजश्व लिने।

जडीवुटी सम्बन्धी व्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

दशरथचन्द नगरपालिका आर्थिक ऐन

**अनुसूची (५)**
**दफा (६) संग सम्बन्धीत**
**सवारी कर**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

**अनुसूची (६)**
**दफा (७) संग सम्बन्धीत**
**विज्ञापन कर**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

**अनुसूची (७)**
**दफा (८) संग सम्बन्धीत**
**मनोरञ्जन कर**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

**अनुसूची (८)**
**दफा (९) संग सम्बन्धीत**
**बहाल विटौरी शुल्क**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

**अनुसूची (९)**
**दफा (१०) संग सम्बन्धीत**
**पार्किङ शुल्क**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

**अनुसूची (१०)**
**दफा (११) संग सम्बन्धीत**
**ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग शुल्कः**

**यस सम्बन्धी ब्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।**

दशरथचन्द नगरपालिका आर्थिक ऐन

## अनुसूची (११)

## दफा (१२) संग सम्बन्धीत
## सेवा शुल्क

दशरथचन्द नगरपालिकाले निर्माण, सन्चालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राही बाट तपसिल अनुसारको सेवा शुल्क असुल उपर गरिनेछ ।

**सेवा शुल्क दस्तुर**

| क्र.सं. | शिर्षक | हालसम्म लगाउदै आएको दररेट | आ.व.८०।८१कागि प्रस्तावित दररेट |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ७५।- | १००।- |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | १५०।- | २००।- |
| ३ | विधुत सिफारिस तर्फ | | |
| क | बजार एरिया | ८००।- | १०००।- |
| ख | थ्रीफेस लाइन | २०००।- | २५००।,- |
| ग | ग्रामिण भेगमा | ३५०।- | ४००।- |
| ४ | जग्गा नामशारी सिफारिस | १२००।- | १२००।- |
| ५ | नाम शंशोधन सिफारिस | १००।- | १००।- |
| ६ | घरबाटो सिफारिस तर्फ | | |
| क | बजार क्षेत्रमा | १२००,प्रतिकित्ता ५०का दरले | १२००प्रति कित्ता ५०का दरले |
| ख | ग्रामिण भेगमा | ५००। प्रति कित्ता ५० का दरले- | ५०० प्र.कि.५० का दरले |
| ७ | उद्योग सिफारिस | २०००।- | २०००।- |

दशरथचन्द नगरपालिकाको आर्थिक ऐन

| | | | |
|---|---|---|---|
| ८ | चारकिल्ला प्रमाणित तर्फ | | |
| क | बजार एरिया | १२००।-थप कि.५०का दरले | १२००थप कि.५० दरले |
| ख | ग्रामिण भेग | ५००।-थप कि रु.५०का | ५००।- थप.कि.५० |
| ९ | मृत्यु प्रमाणित | १००।- | १००।- |
| १० | जन्म दर्ता प्रमाणित | २००।- | २००।- |
| ११ | विवाह दर्ता प्रमाणित | २००।- | २००।- |
| १२ | बसाइ सराइ प्रमाणित | ७००।- | ७००।- |
| १३ | चालचलन प्रमाणित | ६००।- | ६००।- |
| १४ | जाति प्रमाणित | २००।- | २००।- |
| १५ | नाता सिफारिस | २००।- | २००।- |
| १६ | नाता प्रमाणित | ५०।- | १००।- |
| १७ | ज.ध.प्र.पु प्रतिलिपी.सिफारिस | १००।- | १५०।- |
| १८ | विद्यालय सिफारिस तर्फ | | |
| १९ | पुर्व प्रा.वि. | १५००।- | १५००।- |
| क | प्रा.वि. | २५००।- | २५००।- |
| ख | नि.मा.वि. | ५०००।- | ५०००।- |
| ग | मा.वि. | ७५००।- | ७५००।- |
| घ | उ.मा.वि. | १००००।- | १००००।- |
| २० | सम्पती मुल्याकन | रु.१००मा १० पैसा | रु.१००मा १० पैसा |

दशरथचन्द नगरपालिका आर्थिक ऐन

| | | | |
|---|---|---|---|
| २१ | स्थान प्रमाणित | १०० ।- | १०० ।- |
| २२ | मदिरा सिफारिस खुद्रा | २०,००० ।- | २०,००० ।- |
| २३ | मदिरा सिफारिस थोक | ३०,००० ।- | ३०,००० ।- |
| २४ | प्रतिलिपी प्रमाणित | ५ ।- | ५ ।- |
| २५ | किटानी सिफारिस | १०० ।- | १०० ।- |
| २६ | उपचार सिफारिस | निशुल्क | निशुल्क |
| २७ | अपाग सिफारिस | ,, | ,, |
| २८ | आर्थिक सहायता सिफारिस | ,, | ,, |
| २९ | नाता प्रमाणित | २०० ।- | २०० ।- |
| ३० | भारतीय बैकमा खाता खोल्न सिफरिस | ५०० ।- | १००० ।- |
| ३१ | विविध सिफारिस | ३०० ।- | ३०० ।- |
| ३२ | पेन्सन कार्ड सिफारिस | ४०० ।- | ४०० ।- |
| ३३ | हकवाला सरक्षण | ३५० ।- | ३५० ।- |
| ३४ | ब्यवसाय प्रमाण पत्र प्रतिलिपी | २५० ।- | ३०० ।- |
| ३५ | ब्यवसाय दर्ता लगत कट्ा | ३०० ।- | ३०० ।- |
| ३६ | कम्प्युटर इन्सटियुट | २००० ।- | २००० ।- |
| ३७ | योजना सिफारिस ब्यक्तिगत वा संस्थागत | २०० ।- | निशुल्क |
| ३८ | ब्यक्तिगत घटना दर्ता प्र.प.प्रतिलिपी | ५०० ।- | ५०० ।- |
| ३९ | सा.सु.भत्ता बुझ्ने प्रमाण प्र.को प्रतिलिपी | २०० ।- | २०० ।- |
| ४० | नक्शापास निवेदन दस्तुर | ५०० ।- | ५०० ।- |

| | | | |
|---|---|---|---|
| ४१ | नक्शापास मुचुल्का वापत | १३५०।- | १००० |
| ४२ | नक्शा प्रतिलिपी | २०००।- | २०००।- |
| ४३ | नक्शापास गरेको नामशारी बजार एरिया | २५००।- | २५००।- |
| ४४ | नक्शापास ग्रामिणभेगमा नामशारी सिफारिस | ६०० | ६००।- |
| ४५ | काठ निकाशी तर्फ | - | |
| क | सल्ला काठ प्रति क्यु फिट | ८ रुपैया | ८ रुपैया |
| ख | टुडि काठ प्रति क्यु फिट | १० रुपैया | १० रुपैया |
| ग | अन्य काठ ,, ,, ,, | ७ रुपैया | ७ रुपैया |
| ४६ | रिटेलिड समान सप्लाई | १ दिनको २००० | १ दिनको २००० |
| ४७ | संस्था दर्ता सिफारिस | ११००।- | ११००।- |
| ४८ | संस्था नविकरण | ६००।- | ६००।- |
| ४९ | समूह दर्त्ता | ५०० | ५०० |
| ५१ | समूह नवीकरण | ३०० | ३०० |
| ५२ | सार्वजानिक स्थानमा फोहरमैला फालेमा पहिलो पटक रु. ५००।- दोस्रोपटक रु. २५०० जरिवाना लिने | | |
| ५३ | सार्वजनिक सडकमा लामो समय सम्म निमार्ण सामग्री थुपारेमा रु. २००० जरिवना लिने। | | |

दशरथचन्द नगरपालिका आर्थिक ऐन

घरभाडा तर्फ : साविक बमोजिम हुने । यस सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुने ।

घरनक्सा पास तथा अभिलेखिकरण तर्फ : नगरकार्यपालिकाले तोके बमोजिम हुने ।

<u>टिपर भाडा सम्वन्धमा</u>

१-कार्यालयको टिपर भांडामा लगाउदा पहिलो पटकका लागि वढिमा ५ दिनको मात्र सम्झौता गरि भाडामा लगाउने ।

२-छेला,शाहिलेक,गोठलापानी र गडी प्रति टिपर रु २००० लगाउने

३-गडी देखि कठपते सम्म प्रति टिपर रु. ३०००।-

४-गोठलापानी देखि झुलाघाट सम्मको प्रति टीपर रु.५०००।-

५-टिपरलाई प्रति दिन भांडामा दिदा दैनिक रु ८०००।-र ड्राइभरको प्रति दिन भत्ता रु. ६०० र गाडीमा तेल तथा सामान्य मर्मत भाडामा लैजाने पक्षले व्यहोर्ने पर्ने ।

६-गोठलापानी देखि त्रिपुरा सम्म प्रति टिपर रु.२०००,बाराकोट सम्म रु. ३०००।- आदरपिण्डा सम्म रु.३५००।-थालिगडा सम्म

<u>जे.सि.वि.भांडा सम्वन्धमा</u>

१- जे.सि.वि. लाई भांडामा दिदा प्रति घण्टा रु २०००।-लिने तथा कार्यालय देखि कार्यस्थलमा जाँदा सम्म बाटोको समय खर्च र अपरेटरको भत्ता रकम भांडामा लैजाने पक्षले नै व्यहोर्ने । उपभोक्ताको काममा प्रति घण्टा १५०० लिने ।

**अनुसूची (१२)**

**दफा (१३) संग सम्बन्धीत**

**पर्यटन शुल्क**

यस सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

दशरथचन्द नगरपालिका आर्थिक ऐन